एम्नेस्टी इन्टरनेसनल नेपाल

# तेत्तिसौं साधारण सभा

## गैंडाकोट, नवलपरासी (सुस्ता पूर्व)

## २०८१ मंसिर २९ र ३० (१४ र १५ डिसेम्बर २०२४)

# माइन्युट

**(आन्तरिक दस्तावेज-एम्नेस्टी नेपालका सदस्यहरूका लागि मात्र)**

मितिः २०८१/०९/०८

श्री नेसनल बोर्ड
एम्नेस्टी इन्टरनेसनल नेपाल,
एम्नेस्टी मार्ग, बालाजु, काठमाडौं।

**विषयः तेत्तिसौं साधारण सभाको माइन्युट पेश गरेको बारे।**

मिति २०८१ मंसिर २९ र ३० गते (डिसेम्बर १४ र १५) मा नवलपरासी (सुस्ता पूर्व) जिल्लाको गैंडाकोट नगरपालिकामा सम्पन्न एम्नेस्टी इन्टरनेसनल नेपालको तेत्तिसौं साधारण सभाको छलफल तथा निर्णयहरूलाई लिपिबद्ध गरी माइन्युट तयार गर्ने प्रतिवेदकको गहन जिम्मेवारी सो साधारण सभाले हामी दुई जनालाई प्रदान गरेकोमा उक्त जिम्मेवारीको लागि प्रस्ताव गर्ने नेसनल बोर्ड तथा निर्णय गर्ने साधारण सभालाई धन्यवाद दिन चाहन्छौं।

उक्त साधारण सभामा भएका एजेण्डाअनुसारका छलफल र निर्णयहरूलाई लिपिबद्ध गरी तयार गरिएको व्यहोरा नेसनल बोर्डसमक्ष जानकारी गराउँदै साधारण सभाको सो माइन्युट यसैसाथ पेश गरेका छौं।

राजेश कुमार श्रेष्ठ, समूह ७२
प्रतिवेदक, तेत्तिसौं साधारण सभा

अल्सा पोते, इलाइजन युथनेटवर्क
प्रतिवेदक, तेत्तिसौं साधारण सभा

# तेत्तिसौं साधारण सभाको माइन्युट

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा (एम्नेस्टी नेपाल) को तेत्तिसौं साधारण सभा मिति २०८१ मंसिर २९ र ३० गते (तदनुसार सन् २०२४ डिसेम्बर १४ र १५) नवलपरासी (सुस्ता पूर्व) जिल्लाको गैंडाकोट नगरपालिकामा सम्पन्न भयो। उक्त साधारण सभामा मिति २०८१ भाद्र ११ देखि असोज ७ का बीच विभिन्न आठ स्थानहरूमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८१ (सन् २०२३) को दफा १० बमोजिम आयोजना गरिएका प्रादेशिक/क्षेत्रीय भेलाहरूमार्फत चयन भएका **१०० जना प्रतिनिधिहरूमा** कोशी प्रदेशका १४ जना प्रतिनिधिमध्ये १२ जना, मधेश प्रदेशका सात जना प्रतिनिधि मध्ये सातै जना, बागमती प्रदेश (उपत्यका बाहिर) का १६ जना प्रतिनिधिमध्ये १५ जना, बागमती प्रदेश (उपत्यका भित्र) का ३० जना प्रतिनिधिमध्ये तीसै जना, गण्डकी प्रदेशका ९ जना प्रतिनिधि मध्ये नवै जना, लुम्बिनी प्रदेशका १० जना प्रतिनिधिमध्ये दशै जना, कर्णाली प्रदेशका ५ जना प्रतिनिधिमध्ये , पाँचै जना र सुदूर पश्चिम प्रदेशका ९ जना प्रतिनिधिमध्ये नवैजना गरी जम्मा **९७ जना प्रतिनिधिले** सहभागिता जनाएका थिए। नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा सहभागी गराइएका **८ जना पर्यवेक्षक**, नेसनल बोर्डका **१० जना** पदाधिकारी र सदस्य, पुनरावेदन समितिका संयोजक **(२ जना)**, एम्नेस्टी नेपाल शाखाका **पूर्व अध्यक्षहरू (७ जना)**, नोमिनिसन कमिटिका संयोजक र सदस्यहरू **(४ जना)**, प्रेपकम सदस्यस **(१ जना)**, निर्वाचन अधिकृत **(१ जना)**, एम्नेस्टी इन्टरनेसनलका इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य पासाङ शेर्पा **(१ जना)**, राष्ट्रिय सचिवालयका कर्मचारी र इन्टर्नहरू **(१० जना)**, स्वयंसेवक **(४ जना)** र अन्य अतिथिहरू **(३ जना)** समेत **१४८ जनाको** उक्त साधारण सभामा उपस्थिति रहेको थियो। यसका अतिरिक्त प्रमुख अतिथि प्रतिनिधि सभाका सदस्य तथा नेपाली काँग्रेसका महामन्त्री गगन कुमार थापा, विशिष्ट अतिथि गैंडाकोट नगरपालिकाका नगरप्रमुख मदन भक्त अधिकारी र उपप्रमुख शान्ति कोइराला लगायत नवलपरासी र चितवन जिल्लाका नागरिक समाज सङ्घ संस्थाका प्रतिनिधिहरू, पत्रकार तथा मानवअधिकारकर्मीहरूको पनि साधारणसभाको उद्घाटन सत्रमा उल्लेख्य उपस्थिति रहेको थियो।

यस साधारण सभाले संस्थाको आ.व. ०८०/८१ को आर्थिक/लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने, आ.व. ०८१/०८२ को लेखा परीक्षणका लागि लेखापरीक्षकको नियुक्ति गर्नेसम्बन्धी जिम्मेवारी नेसनल बोर्डलाई तोक्ने, नेसनल बोर्डद्वारा प्रस्तुत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको गभर्नेन्ससम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, निर्देशकद्वारा प्रस्तुत आ.व. ०८०/०८१ को कार्यक्रम कार्यान्वयनसम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, सन् २०२५ का लागि प्रस्तावित कार्यक्रम र बजेटमाथि छलफल गरी अनुमोदन गर्ने र प्रेपकमका महिला सदस्य पदकमा लागि ३४ औं साधारणसभा सम्मका लागि अन्तरिम व्यवस्था गर्ने निर्णयका साथै एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेसनल बोर्ड, पुनरावेदन समिति, नोमिनेसन कमिटि र प्रेपरेटोरी कमिटिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन सम्पन्न गरेको छ।

**उद्घाटन सत्र**
**मिति: २०८१ मङ्सिर २९ गते (१४ डिसेम्बर २०२४), शनिबार।**
**स्थान: द नारायणी रिजोर्ट, गैंडाकोट, नवलपरासी (सुस्ता पूर्व)।**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३३ औं साधारण सभाको उद्घाटन सत्र नवलपरासी (सुस्ता पूर्व) को गैंडाकोट नगरपालिका स्थित द नारायणी रिजोर्टको सभाहलमा दिउँसो दुई बजेदेखि प्रारम्भ भएको थियो। एम्नेस्टी नेपालका महासचिव शचिता कुईंकेलद्वारा सञ्चालित यस उद्घाटन सत्रको कार्यक्रमको अध्यक्षता एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीले गर्नु भएको थियो भने **प्रमुख अतिथिका रूपमा प्रतिनिधि सभाका सदस्य, पूर्व स्वास्थ्य मन्त्री तथा नेपाली काँग्रेसका महामन्त्री गगन कुमार थापा** उपस्थित रहनु भएको थियो। विशिष्ट अतिथिका रूपमा गैंडाकोट नगरपालिकाका नगरप्रमुख मदन भक्त अधिकारी र उपप्रमुख शान्ति कोइराला रहनुभएको थियो। साथै अन्य अतिथिहरू द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारी, पत्रकार महासङ्घ चितवनका नवनिर्वाचित अध्यक्ष वसन्त पराजुली, इलाका प्रहरी कार्यालय गैंडाकोटका प्रमुख प्रहरी निरीक्षक कमला नराल लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रम सञ्चालनको क्रममा महासचिव कुईंकेलले यस साधारण सभाले संस्थाको वार्षिक प्रतिवेदन, कार्ययोजना, बजेट र केही संस्थागत नीतिहरूमाथि छलफल गरी पारित गर्ने र संस्थाको नेतृत्व चयनका लागि निर्वाचन हुने कुराको जानकारी गराउनुभएको थियो।

सभामा उपस्थित सबै प्रतिनिधि, पर्यवेक्षक र अतिथिहरूलाई हार्दिक स्वागत गर्दै उहाँले सहभागीहरूलाई शीष्ट, मर्यादित, अनुशासित र मानवअधिकारका मूल्य, मान्यता र सिद्धान्तअनुकूल व्यवहार गर्न अनुरोध गर्नुभएको थियो। साथै यौन दुर्व्यवहारविरुद्ध एम्नेस्टी नेपालको शून्य सहनशीलताको नीतिका बारेमा जानकारी गराउँदै यदि कसैले यौन दुर्व्यवहारजन्य व्यवहार महशुस गरेमा नेसनल बोर्ड वा सचिवालयलाई तत्काल जानकारी गराउन अनुरोध गर्दै कुनै पनि खालका अवाञ्छित गतिविधिहरू भए गरेको पाइएमा संस्थाको नीति, नियम र प्रचलित कानुनबमोजिम हुने व्यहोरा जानकारी गराउनुभएको थियो। साथै उहाँले उद्घाटन सत्रको कार्यक्रमको भिडियो रेकर्डिङ हुने जानकारी गराउदै त्यसका लागि सबैको अनुमति लिनु भएको थियो।

त्यसपछि महासचिव कुईंकेलले प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरू, प्रतिनिधि, पर्यवेक्षक, स्थानीय नागरिक समाज र सङ्घ संस्थाका प्रतिनिधिलगायत सबै सहभागीलाई आसन ग्रहण गराउनुभएको थियो। सोपछि एम्नेस्टी नेपालमा आबद्ध नवलपरासी (सुस्ता पूर्व)स्थित **स्थानीय समूह ४० का संयोजक बैकुण्ठ प्रसाद अर्यालले** साधारण सभामा सहभागी हुन आइपुगेका देशभरीका सम्पूर्ण सहभागीहरूलाई स्वागत मन्तव्य राख्नुभएको थियो।

स्वागत मन्तव्यपछि उद्घाटन सत्रका **प्रमुख अतिथि प्रतिनिधि सभाका सदस्य, पूर्व स्वास्थ्य मन्त्री तथा नेपाली काँग्रेसका महामन्त्री गगन कुमार थापाले एम्नेस्टी इन्टरनेसनलको प्रतिक मैनबत्ती प्रज्वलन** गरी ३३ औं साधारण सभाको औपचारिक उद्घाटन गर्नुभएको थियो जसलाई एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीले सहजीकरण गर्नुभएको थियो।

सोपछि एम्नेस्टी नेपाल **शाखाका संस्थापक अध्यक्ष नुतन थपलियाको** शुभकामना संदेशको भिडियो प्रसारण गरिएको थियो जसमा उहाँले आफू राणा शासन कालमा लामो समयका लागि राजनीतिक बन्दी बनाइएको अवस्थालाई स्मरण गर्दै आफूले बन्दीहरूको भावना, आकाङ्क्षा, मनोदशा र दुःखलाई गहिरोसँग बुझेकोले आफू बेलायतमा गएर एम्नेस्टीका बारेमा थाह पाएपछि एम्नेस्टीको गतिविधिहरूलाई नेपालमा ल्याउनका लागि पहल गरेको उल्लेख गर्नुभएको थियो। त्यस समयमा खुलेर गतिविधि गर्न, लेख्न र बोल्न पाउने अवस्था नभएकोले लुकी लुकी बन्द कोठामा कार्यक्रम गर्नुपर्ने अवस्था रहेको पनि बताउनुभयो। ऋषिकेश शाह पहिलो अध्यक्षको रूपमा रहेर संस्थाले केही गतिविधिहरू गरेको भएपनि विभिन्न समस्या र आन्तरिक विवादका कारण शाखा नै बन्द हुन पुगेको इतिहाँसलाई समेत स्मरण गर्नुहुँदै उहाँले भारतमा इन्दिरा गान्धीले लागू गरेको सङ्कटकालीन अवस्था अन्त्य भएपछि नेपालमा पनि त्यसको प्रभाव बिस्तारै पर्दै गएर मानिसहरू प्रजातन्त्रका लागि एकजुट हुन थालेको र प्रजातन्त्र पुनर्स्थापना भएपछि लागू भएको संविधानमा अभिव्यक्ति स्वतन्त्रता लगायत मानवअधिकारका धेरै सवालहरू समावेश गरिएको बताउनुभयो। अहिले धेरै मानिसहरू एकैठाउँमा भेला भएर यत्रो सभा गरी छलफलहरू गरेको देख्दा मनमा आनन्द अनुभूति हुने पनि उहाँले बताउनुभयो। साथै उहाँले मानवअधिकार र शान्ति सँगै जाने कुरा रहेको बताउँदै विश्वशान्तिका लागि मानवअधिकार र भातृत्व महत्त्वपूर्ण रहेको बताउनु भएको थियो। बलिरहेको मैनबत्तिको संज्ञा दिंदै उहाँले विश्वशान्ति, मानवधिकार र विश्व भातृत्व एक अर्काका परिपूरक भएको बताउनु भएको थियो। अहिले रूस र युक्रेन तथा प्यालेस्टाइन र इजरायलबीचको युद्धले विश्व शान्ति खल्बलिरहेकोमा चिन्ता व्यक्त गर्नुभयो। प्रजातन्त्र, मानवअधिकार र स्वतन्त्रताका लागि हामी सँधै सजग रहनुपर्ने ("Eternal vigilance is the price of liberty.") बताउनुभयो। हामी सँधै जागरूक हुनुपर्ने र अरूलाई पनि जागरूक बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो। साथै उहाँले ३३ औं सधारणसभाको सफलताको कामना गर्नुभयो।

उद्घानटन सत्रको क्रममा देहायका अतिथि वक्ताहरूले आफ्नो शुभकमना मन्तव्य राख्नुभएको थियो :

1. **पूर्व अध्यक्ष हेम कुमार खड्का**
2. **द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारी**
3. **गैंडाकोट नगरपालिकाका नगरप्रमुख मदन भक्त अधिकारी**
4. **एम्नेस्टी नेपलाका पूर्व अध्यक्ष चरण प्रसाईं**
5. **प्रमुख अतिथि प्रतिनिधि सभाका सदस्य, पूर्व स्वास्थ्य मन्त्री तथा नेपाली काँग्रेसका महामन्त्री गगन कुमार थापा र**
6. **एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकी**

**पूर्व अध्यक्ष हेम कुमार खड्काले** आफूले सन् १९९० को दशकदेखि एम्नेस्टीको सदस्यता लिएर अहिलेसम्म अभियानहरूमा संलग्नता जनाई राखेको सन्दर्भ प्रस्तुत गर्दै अहिलेको नेसनल बोर्डले अगाडि सारेको नयाँ दृष्टिकोण र अवधारणाले संस्थाको पुरातन अभ्यासमा धेरै परिवर्तन आएको, निर्णय अभ्यासहरूमा युवा लगायतको उल्लेख्य सहभागिता देखिएकोले संस्थागत परिवर्तनहरू भइरहेको पाएको र यो स्वभागिक र आवश्यक विषय भएकोले अझ थप नविन सोच र परिवर्तनका आयामहरूतर्फ संस्था र अभियानलाई डोर्याउन प्रेरणा मिलोस् भन्ने शुभेच्छा व्यक्त गर्नुभयो।

यसपछि **द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष** तथा द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनका पीडितहरूको सत्य, न्याय र परिपूरणको अधिकार स्थापित गर्ने सङ्घर्षमा विगत दशकौंदेखि अभियानरत रही नेतृत्वदायी भूमिका

निभाइरहनुभएका **सुमन अधिकारी**ले ३३ औं साधारण सभाको पूर्ण सफलताका साथै परिणाममूखी अभियान सञ्चालन गर्न एम्नेस्टी नेपाललाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो। द्वन्द्वपीडितको हैसियतमा नेपालमा द्वन्द्वकालमा मानवअधिकार उल्लङ्घनबाट पीडित भएका हजारौं नागरिकहरूको न्यायको सङ्घर्षमा लागेको यति धेरै समय हुँदा पनि र विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष पूरा हुँदा समेत सरकारले उक्त शान्ति सम्झौताअन्तर्गतका प्रतिबद्धताहरू पूरा नगरेको र आफूहरूलाई बेवास्ता गरेको दुखेसो व्यक्त गर्नु भयो। द्वन्द्वपीडितको न्यायको सवाल अहिले झन धेरै पेचिलो बनिरहेको बताउँदै सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐनको तेश्रो संशोधन भएको चार महिनापछि गठन गरिएको सिफारिस समितिले सही ढङ्गमा पीडितलाई स्वीकार्य हुने विधि र प्रकृया तय गरी विश्वसनीय र उच्च निष्ठा भएका व्यक्तिहरू सिफारिस गर्ने सवालमा धेरै ठूलो आशङ्का रहेको र लम्बिएको बेवास्ता र पीडाको राजनीतिकरण र जवाफदेहिताविहीनताले धेरै पीडा हुन पुगेको उल्लेख गर्दै माननीयज्यूलाई त्यससवालमा सत्ता साझेदार शीर्ष नेतालाई कुरा पुर्याउन र सही निकासका लागि पहल गर्न अनुरोध गर्नुभयो। साथै उहाँले एम्नेस्टी नेपालको नयाँ चयन हुन लागिरहेको कार्यसमिति असल र सक्षम खालको होस् भन्दै संस्थालाई नया गति र दिशा दिने सवालमा नयाँ कार्यसमितिलाई अग्रिम शुभकामना पनि व्यक्त गर्नुभयो।

**गैंडाकोट नगरपालिकाका नगरप्रमुख मदन भक्त अधिकारी**ले नेपालमा भएका र भइरहेका मानवअधिकार उल्लङ्घनहरूमा राज्य जवाफदेहिता स्थापित गर्नमा चुकिरहेको भन्दै दुःख व्यक्त गर्नुभयो। द्वन्द्वकालमा भएका जस्ता उल्लङ्घनका घटनाहरू अब फेरी नघटुन् भन्ने दिशामा राज्य संवेदनशील हुनुपर्ने र न्यायपालिकाले पनि पीडितहरूलाई न्याय निरूपण सही ढङ्गमा र छिटो गर्नुपर्ने धारणा राख्नुभयो।

**एम्नेस्टी नेपालका पूर्व अध्यक्ष चरण प्रसाईंले** ३३ औं साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो। संस्थापक नुतन थपलियाले कस्तो कठिन परिवेशमा आस्थका बन्दीहरूको अधिकारका लागि एम्नेस्टीको अभियानमार्फत काम गर्नुभएको थियो भन्ने हामीले केही अघि सुनिसकेका छौं भन्दै उहाँले यस गैंडाकोट नगरपालिकाका नगरप्रमुख स्वर्गीय सूर्य भक्त अधिकारीका छोरा रहनुभएको थाह पाएर बडो श्रद्धा र सम्मान रहेको बताउनुभयो। “अहिले मानवअधिकारका लागि निराशाजनक अवस्था जुन यहाँले भन्नुभयो र जुन मानवअधिकारकै आदर्शका लागि यहाँको बुबा लड्नु भयो, अहिले तपाईं पदमा हुनुहुन्छ, यो पालिकामा तपाईंले मानवअधिकारसम्बन्धी धेरै काम गर्न सक्नुहुन्छ। र हामी सबै मानवअधिकारवादीहरू तपाईंको साथमा छौं” उहाँले बताउनुभयो। उहाँले थप भन्नुभयो : “यस कार्यक्रमका प्रमुख अतिथि काँग्रेसका महामन्त्री तथा पूर्व मन्त्री गगनकुमार थापा - जो यो देशको भावी प्रधानमन्त्री हुन सक्नुहुन्छ, जसले यो देशलाई नयाँ गति दिने सम्भावना बोक्नुभएको छ र जो आम युवाहरूको ढुकढुकी बन्नुभएको छ — एम्नेस्टीको आस्थाको बन्दी हुनुहुन्थ्यो वा उहाँ एम्नेस्टीको आस्थाको बन्दी हो। उहाँले प्रजातन्त्रिका आन्दोलनमा सहभागी हुँदा राज्यले बन्दी बनाएर दुःख दिएको थियो। त्यस समय एम्नेस्टीले उहाँलाई आस्थाको बन्दी घोषित गरी विश्वव्यापी अभियान चलाएको थियो। पूर्व प्रधानमन्त्री कृष्ण प्रसाद भट्टाराई पनि आस्थाको बन्दी हुनुभएको थियो। पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा पनि आस्थाको बन्दी हुनुहुन्थ्यो। त्यतिमात्र हैन उहाँ संस्थापक सदस्य पनि हो। म अहिले दमननाथ ढुङ्गाना दाइलाई पनि सम्झन्छु। उहाँ पनि एम्नेस्टी नेपालको संस्थापक सदस्य हो। उहाँप्रति हार्दिक श्रद्धाञ्जली पनि अर्पण गर्न चाहन्छु। समाजका धेरै प्रतिष्ठित व्यक्तिहरू एम्नेस्टीबाट दिक्षित भएका छन्। यो अन्तर्राष्ट्रिय अवधारणालाई नेपालमा ल्याउने काम एम्नेस्टीले गर्यो। यसमा नुतन दाईको ठूलो योगदान छ। पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा अहिले सत्तारूढ दलको प्रमुख र पहिलो नेता हुनुहुन्छ। अहिले काँग्रेको समर्थनमा एमालेको सरकार रहेको छ। अघि सुमनजीले जे भन्नुभयो यो सत्य आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन

आयोग गठनका लागि बनेको सिफारिस समिति एउटा स्वतन्त्र समिति हो र यसले स्वतन्त्र ढङ्गमा काम गर्न सक्नुपर्छ। केही कमजोरीसहित भएपनि झण्डै एक दशकपछि सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन भएको छ। यो त्यसै भएको होइन। यसमा पीडित र अन्तर्राष्ट्रिय समुदायको ठूलो दबाब छ। यदि यसको नेपालले सही निरूपण गर्न सकेन भने विश्वव्यापी क्षेत्रकाधिकार लगायतका अन्य अन्तर्राष्ट्रिय न्यायिक हस्तक्षेपहरूको ढोका खुल्न सक्दछ। त्यसैले अबको यो सिफारिस समितिलाई असफल हुने छुट छैन। आयोगहरूमा आफ्नो मान्छे राख्न पाए हुन्थ्यो र आफू सुरक्षित भइन्थ्यो भन्ने भ्रमबाट नेताहरू बाहिर आउनुपर्छ। आफू सुरक्षित त होइला तर यस्तो भावना र सोचले देशलाई असुरक्षित बनाउँछ। समितिले सिफारिस गर्ने व्यक्तिहरू कुनै पनि विवादमा नपरेको र पीडित, मानवअधिकार समुदाय लगायत सबैले स्वीकार्ने व्यक्तिहरू हुनुपर्यो। म महामन्त्री गगनकुमार थापालाई आग्रह गर्दछुकी तपाईं आफ्नो सभापति शेरबहादुर देउवालाई यो कुरा भनिदिनुस्। सिफारिस समिति सफल हुनुपर्छ र यो प्रकृयाको निकासको लागि भूमिका खेल्नुपर्छ। मुलुकलाई अब द्वन्द्वको कुचक्रमा फसाइ राख्नुहुन्न। सुमन अधिकारीका बुबा एम्नेस्टी इन्टरनेसनलको लमजुङ शाखाको लामो समयदेखिको सक्रिय अभियन्ता हुनुहुन्थ्यो। गगन कुमारज्यू, मुक्तिनाथ अधिकारीको मानवअधिकार र न्यायको प्रयासलाई कदर गर्दिनुहोस्।"

त्यसपछि प्रमुख अतिथि गगन कुमार थापाले आफ्नो मन्तव्य राख्दै ३३ औं साधारणसभाको सफलताको कामना गर्नुभयो। एम्नेस्टी अभियानका सबै नौजवानहरूलाई शुभकामना पनि व्यक्त गर्नुभयो। उहाँले प्रजातान्त्रिक आन्दोलनका क्रममा सन् २००५/६ तिर राज्यसत्ताले आफूलाई नियन्त्रणमा लिएर बन्दी बनाएको र राज्य क्रमशः निरङ्कुश बन्दै गएको क्षणलाई स्मरण गर्नुभयो। त्यस समय उहाँ लगायत बन्दीहरूलाई एउटा अँध्यारो कुनामा राखिएको र त्यहीं दिसा पिसाब गर्नुपर्ने र पछि आफैले त्यसलाई सोहोरेर फाल्नुपर्ने अवस्था समेत रहेको अवस्थामा एम्नेस्टी इन्टरनेसनलले आफूलाई "आस्थाको बन्दी" भनेर घोषणा गर्दा "आफूलाई आमाले थुमथामाएजस्तो, आमाले माया गरेजस्तो" महसुस भएको भनी कतै लेखेको प्रसङ्ग जोड्नुभयो। "त्यस्तो अवस्थामा एम्नेस्टी जस्तो संस्थाले केही कुरा भन्दिने भनेको निकै ठूला कुरा हुने रहेछ त्यो मैले आफैंले महसुस गरेर आएको छु। अहिले प्यालेस्टाइन र इजरायल वा रूस र युक्रेनका बीच भइरहेको द्वन्द्वका क्रममा भएका असहिष्णुता, दमन र अत्याचारका सन्दर्भमा पनि एम्नेस्टीले भन्नुपर्ने कुरा भनिरहेको छ भन्ने मेरो विश्वास छ। र अहिले त्यहाँ रहेका आस्थाका बन्दीहरूले कति राहत महसुस गरिरहेका होलान् भन्ने म अनुभूति गर्न सक्छु। पछि म एम्नेस्टी इन्टरनेसनलको मुख्यालयमा पनि गएँ। त्यहाँ गएर धन्यवाद ज्ञापन गरेर आए। एम्नेस्टीको प्रतिनिधित्व गर्दै साना हतियारहरूमाथि प्रतिबन्द लगाउनुपर्छ भन्ने विषय उठाउन संयुक्त राष्ट्रसङ्घको कार्यक्रममा पनि म गएँ। यी सबै कुराहरूमा मलाई एम्नेस्टीले मौका दियो। आफ्नो कुराहरू राख्न र जतिखेर सबैभन्दा धेरै आवश्यक थियो त्यतिखेर साथ पनि दियो। त्यसैले म एम्नेस्टीप्रति हार्दिक सम्मान प्रकट गर्दछु।"

भर्खर चितवन कचहरी बहसमा सहभागिता जनाएर आएको र त्यहाँ एक जना भारतीय र अर्का पाकिस्तानी मूलका विद्वानसँग आफूले छोटो भलाकुसारी गरेको प्रसङ्ग पनि जोड्नुभयो। उहाँहरूले बारम्बार एउटै कुरा दोहोर्याइ राख्नुभएको बारेमा सभालाई जानकारी गराउनुभयो। दक्षिण एसियमा नेपाल मात्रै एउटा देश बाँकी छ, भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश सबै गए, डुबे, नेपाल मात्र बाँकी छ भनी उहाँहरूले राखेको चिन्ताको चर्चा गर्नुभयो। हामी नेपालीमात्र बसेको बेलामा यो कुरा थाह हुन्न रहेछ भन्दै उहाँहरूको आशय भनेको "फन्डामेन्टलिज्म"ले सबै सकायो भन्ने हो भन्नु भयो। उहाँले थप भन्नुभयो : "कुनै देशमा एउटा जात, धर्म वा भाषा दमन गर्ने ठाउँमा छ भने अर्को देश वा ठाउँमा त्यही जात, धर्म वा भाषा चाहीं दमनको शीकार भइरेहको छ। नेपालमा जुन सहिष्णुता र मेलमिलाप तपाईंहरूले कायम गर्नुभएको छ त्यसलाई भत्कन नदिनुहोला भनेर

उहाँले मलाई भन्नुभयो। बिग्रिन, भत्कन थाल्यो भने फेरी दश दिन पनि लाग्दैन। श्रीलङ्काको उदाहरण दिइराख्नुभएको थियो। जब घृणा, उत्तेजना - चाहे त्यो जोसुकैको विरुद्ध होस् - जब त्यो सबैभन्दा ठूलो हतियार बन्छ समाजमा — त्यो घृणा जोसुकैको विरुद्ध हुनसक्छ, अहिलेको लागि त्यो आफूलाई मन नपर्ने दल वा नेता हुन सक्छ। त्योसँग असहमति राख्ने र विमति राख्ने एउटा कुरा हो तर घृणा गर्ने कुरा फरक हो। मन नपरेको मान्छेसँग पनि फरक मत र असहमति त राख्न पाइयो। तर घृणा गर्न थालियो र त्यो घृणा गरेको तपाईंलाई मन पर्न थाल्यो भने त्यसबेला तपाईं सचेत हुनुपर्दछ। तपाईंलाई कुनै दल, समुदाय वा व्यक्ति वा त्यसप्रति घृणा गरेको मन पर्न थाल्यो भनेपछि तपाईं एम्नेस्टीको अभियानमा लागेको मान्छेको हिसाबले कम्तिमा म पनि कतै "गलत ट्र्याकमा त छैन" भनेर सोच्नुपर्ने हुन्छ। घृणाको बाटोमा समाज र देश हिँडिसकेपछि त्यो ओरालो खस्न कत्ति पनि बेर लाग्दैन। हो हामीले प्रगति गर्न नसकेका थुप्रै क्षेत्रहरू छन्। थुप्रै कामहरू गर्न बाँकी छ। तर यो सहिष्णुता र सहनशीलताको संस्कृति भत्कियो भने हामी पुरानो अवस्थामा फर्किन सक्दैनौं। हामीसँग केही कुरा छ जसलाई हामीले "सेलिब्रेट" गर्न सक्छौं, जसलाई हामीले "अप्रिसियट" गर्न सक्छौं। त्यो कुरालाई पनि ख्याल गरौं भन्ने मेरो आग्रह हो। गर्न धेरै छ। चरण दाइले पनि भन्नुभयो। सुमनले पनि भन्नुभयो। यहाँहरूले उठाएको विषयमा म पूर्ण रूपमा शत प्रतिशत सचेत पनि छु र आफ्नो ठाउँबाट निरन्तर रूपमा अर्को एउटा असफलता हामीले ब्यहोर्नु हुन्न भन्ने कुरामा प्रयास पनि गरिरहेको छु। म आजै हतार हतार काठमाडौं जाँदै छु। दुई दलका बीचमा छलफल छ। एउटा विषय पक्कै यो पनि हुन सक्छ। दाइले भन्नुभएको कुरा म त्यहाँ गएर जस्ताको तस्तै राख्छु। मानवअधिकार समुदायले यो मुद्दालाई कसरी हेरिरहेको छ भन्ने म सुनाउँछु। गलत निर्णय नहोस् भन्नेतर्फ मेरो प्रयास रहने छ।"

"एम्नेस्टी इन्टरनेसनललाई धेरै धेरै बधाई र शुभकामना छ। वैदेशिक रोजगारीमा गएका मानिसहरूका सवालमा तपाईंहरूले लामो समयदेखि अध्ययन, अनुसन्धान र पैरवी गर्नुभएको छ। अहिले जलवायु न्यायमा काम गरिरहेका छौं भन्नुभएको छ। मानवअधिकारका सवालमा कुरा गर्दा मेरो एउटा अनुरोध के छ भने : संविधान निर्माणका बेला अधिकारलेखन समितिको नेतृत्व गरेको र त्यसको मस्यौदा समितिमा पनि बसेको हुँदा मलाई के लाग्छ भने हामीले एकदमै "डेस्कृप्टिभ" भएर व्याख्या गरेर संविधान लेख्यौं। सबै कुरा राख्यौं त्यहाँ भित्र। उदाहरणका लागि शिक्षा मौलिक हक हो भनेर लेख्यौं। संविधानमा लेख्यौं तर व्यवहारगत हिसाबमा कानुन बनाएर प्राप्त गर्ने कुरा राख्यौं। फेरि हामी १० वर्षसम्म पनि कानुन बनाउँदैनौं। त्यही भएर तीन वर्ष भित्र कानुन बनाउने भनेर हामीले लेख्यौं। त्यो भनेको ०७५ साल असोज १८ गते थियो। तर के भयो भने सबै कानुन ०७५ सालको भदौ र असोजमा बनाइयो। वातावरणसम्बन्धी कानुन बनाउँदाको प्रसङ्ग याद छ मलाई। त्यतिबेलाका वन मन्त्री शक्ति बस्नेतले मलाई मेरो संशोधन फिर्ता गरिदिनोस् भनेर राति १ बजे फोन गर्नुभयो। त्यसरी रातारात काम गरी कानुन पारित गरियो। केही सही भयो केही गलत पनि भयो। अहिले हामी ती कानुनहरूको कार्यन्वयनको चरणमा छौं। यो बेलामा सबैभन्दा वकालत र सहकार्यको जरूरत छ। मेरो तपाईंहरूलाई अनुरोध के छ भने एकदमै धेरै स्थानीय सरकारसँग काम गर्न आवश्यक छ। स्थानीय सरकारसँग काम गर्ने कुरा एकदमै महत्त्वपूर्ण छ। स्थानीय सरकारले एकदमै धेरै काम गर्न खोजेको देखिन्छ। श्रोतको एकदमै ठूलो दबाब छ। परिणाम निकाल्नु पनि छ। त्यसैले साझेदारिताको आवश्यकता रहेको छ। यो साझेदारिताका सवालमा तपाईंहरूजस्तो युवाहरूले धेरै नयाँ कुरा ल्याउन सक्नुहुन्छ। उदाहरणका लागि अहिले हामीलाई "क्लाइमेट कम्प्याटिबल ग्रोथ" चाहिएको छ। हामीलाई "क्लाइमेट कम्पयाटिबल डेभलपमेन्ट" चाहिएको छ। तर निर्वाचित प्रतिनिधिहरूमा यसको "आइडिया", "नलेज" कसले ल्याउने? तपाईंहरू जस्ता युवाले। भएन, गरेन भन्ने ठाउँबाट अब "कोल्याबरेसन"को मोडलमा हामी जान आवश्यक छ। निर्वाचित प्रतिनिधिहरूले युवाहरूबाट थुप्रै सिक्नुपर्नेछ। यो वातावरमा काम

गर्ने सवालमा सोचौं। रोजगारीको हक मौलिक हक हो। नेपालले केही समयमा धेरै ठूलो रोजगारीको अवसर ल्याउँछ भन्ने लाग्छ मलाई तर यसमा एउटा के जोखिम छ भने हाम्रो गाउँ घरमा बालबालिकाहरूले जुन तहको पोषण पाइरहेका छन् त्यसले गर्दा अबको १० वर्ष पछि नेपालले प्राप्त गर्ने ठूलो अवसर गुम्दै छ। अहिले राम्रो पोषणको व्यवस्था गर्ने हो भने १० वर्षपछिको तन्दुरूष्ट हजारौं युवाहरूको "कग्निटिभ स्किल"बाट नेपालले गजबको फाइदा लिन सक्छ। तर त्यो न्युट्रिसनमा पालिकाहरूले काम गरिरहेका छैनन्। इच्छा नभएर होइन। हामीले अब तपाईंको पालिकामा बाटो बनाउने कुरा जति महत्त्वपूर्ण छ त्यो भन्दा महत्त्वपूर्ण त्यहाँका बालबालिकाहरूलाई पोषणयुक्त खाना उपलब्ध गराउने कुरा पनि छ। लैङ्गिक हिंसाका बारेमा सिकाउने कुरा उत्तिकै महत्त्वपूर्ण छ। "डिजिटल भायोलेन्स"का बारे सिकाउने कुरा पनि त्यत्तिकै महत्त्वपूर्ण छ। विकासको केन्द्रमा मान्छे रहनुपर्छ। अनि पो मानवअधिकारको कुरा रहन्छ। हामीले यी कुरालाई अब "डिस्कोर्स"मा ल्याउनुपर्छ। यसमा काम गर्न एम्नेस्टीसँग ठूलो तागत छ। पहिले राजनीतिक हिंसा थियो। अहिले नयाँ वियषहरू आएको छ। नयाँ विषयलाई नयाँ ढङ्गमा लिएर जानुहन्छ भन्ने विश्वास राख्दै ३३ औं साधारण सभाको सम्पूर्ण सफलताको कामना व्यक्त गर्दै एम्नेस्टी नेपाल आगामी दिनहरूमा अझ राम्ररी अगाडि बढोस् भन्ने शुभकमना दिँदै आफ्नो कुरा अन्त्य गर्दछु।"

यसपछि **३३औं साधारणसभा तथा एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकी**ले उद्घाटन सत्रको समापन मन्तव्य दिनुभयो। सबै प्रतिनिधि, पर्यवेक्षक, अतिथि र प्रमुख अतिथिहरूलाई कार्यक्रममा स्वागत गर्दै *रिफर्म*को प्रयासअन्तर्गत गत साधारण सभामा भएको एम्नेस्टी नेपालको परिवर्तित विधानको प्रावधानअनुरूप यो साधारण सभा भएको बताउनुभयो। उहाँले मानवअधिकारको उद्भव प्राचिनकालदेखि म्याग्नाकार्टासम्म र संयुक्त राष्ट्रसङ्घको पहलमा सन् १९४८ मा पेरिसबाट मानवअधिकारको विश्वव्यापी घोषणा भएको प्रसङ्ग जोड्नुभयो। १९६१ बाट सुरू भएको एम्नेस्टी अभियानले सुरूमा नागरिक, राजनीतिक अधिकार र अहिले आर्थिक, सामाजिक र साँस्कृतिक लगायत "फुल स्पेक्ट्रम"मा काम गरिरहेको जनाउनुभयो। विविध सवालमा यसरी लामो समयदेखि काम गरिरहेको यो संस्था सदस्यहरूबाट चुनिएको अविछिन्न उत्तराधिकारवाला संस्था भएकोले विभिन्न उतारचढावका साथ अघि बढिरहेको जनाउनुभयो। अहिले विश्वव्यापी रूपमा "लोकतन्त्र"मा खतरा आइरहेको बताउँदै उहाँले "आर्टिफिसियल इन्टेलिजेन्स"का चुनौतीहरूको बारेमा पनि चर्चा गर्नुभयो। साथै "फ्रिडम अफ असेम्ब्ली र असोसियसन" र "इक्वालिटि र ननडिस्क्रिमिनेसन" दुईवटा रणनीतिक लक्षमा अहिले एम्नेस्टीको श्रोत र साधन केन्द्रित रहेको उहाँले बताउनुभयो। एम्नेस्टी नेपालको ३० औं साधारणसभाबाट नेतृत्वमा आएयता १९ वटा नेसनल बोर्ड बैठकहरू सम्पन्न गरी विभिन्न संस्थागत निर्णयहरू लिइएको पनि बताउनुभयो। यसक्रममा जहिल्यै मेम्बरसिपभित्र रहेको विभाजन अन्त्यको लागि र एकता र सहकार्यका लागि पहल गरेको उल्लेख गर्नुभयो। संसारभर अहिले अधिनायकवादी चरित्र हाबी भइरहेको सन्दर्भमा एम्नेस्टी अझ बलियो र सुदृढ भएर अगाडि बढ्नुपर्ने र संस्थालाई कमजोर बनाउने छुट हामी कसैलाई नभएको बताउनुभयो। त्यसपछि एम्नेस्टी नेपालले प्राथमिकतामा राखेर गरिरहेको गतिविधिहरू सङ्क्रमणकालीन न्याय, जलवायु न्याय, लैङ्गिक न्याय, सामाजिक न्याय, अन्तर्सामूहिक न्याय (intersectioinal justice), आप्रवासी श्रमिकहरूको अधिकार, अन्तर्राष्ट्रिय ऐक्यबद्धता अभियान, मानवअधिकार शिक्षा लगायतमा हामीले योगदान गरिरहेको पनि उल्लेख गर्नुभयो। दण्डहीनता अन्त्यका लागि पनि थप सशक्त भएर काम गर्न आवश्यक रहेको चर्चा गर्नुभयो। सार्वजनिक संस्थाहरू कमजोर भइरहेको र तिनका सिफारिसहरूलाई सरकारले नसुनिरहेको सन्दर्भमा पनि काम गर्न आवश्यक रहेको बताउनुभयो। "सिभिक स्पेस"मा पनि चुनौतीहरू बढेको छ। एम्नेस्टी इन्टरनेसनल नेपालको सन् २०२३ को एउटा कार्यक्रममा यस सभाका प्रमुख अतिथिले सहभागी भएर भन्नुभएजस्तो "बरालिने राज्य सञ्चालक र नेतृत्व"हरूलाई ठिक ठाउँमा ल्याउनका

लागि पनि काम गर्न आवश्यक रहेको बताउँदै सबै अतिथि र सहभागीलाई पुनः धन्यवाद दिँदै ३३ औं साधारण सभाको उद्घाटन सत्रको समापन गर्नुभयो।

उद्घाटन सत्रको समापनपछि सबै सहभागीहरूले ७ अक्टोबर २०२३ मा हमास र अन्य सशस्त्र समूहद्वारा इजरायलमा भएको घातक आक्रमणपछि गाजामा इजरायलद्वारा भइरहेको जातीय संहारको विरोध स्वरूप जवाफदेहिता र न्यायको आह्वान गर्दै आयोजना गरिएको सार्वजनिक याक्सनमा सहभागिता जनाउनुभयो।

# बन्द सत्रको आरम्भ

## गणपूरक सङ्ख्याको जानकारी

३३ औं साधारण सभाको बन्द सत्रलाई अघि बढाउँदै बन्द सत्रका अध्यक्ष श्री बिपिन बुढाथोकीले मिति २०८१ भाद्र ११ देखि असोज ७ का बीच नेपालका विभिन्न आठ स्थानहरूमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८१ (सन् २०२३) को दफा १० बमोजिम आयोजना गरिएका प्रादेशिक/क्षेत्रीय भेलाहरूमार्फत चयन भएका **१०० जना प्रतिनिधिहरूमा** कोशी प्रदेशका १४ जना प्रतिनिधिमध्ये १२ जना, मधेश प्रदेशका सात जना प्रतिनिधिमध्ये सातै जना, बागमती प्रदेश (उपत्यका बाहिर) का १६ जना प्रतिनिधिमध्ये १५ जना, बागमती प्रदेश (उपत्यका भित्र) का ३० जना प्रतिनिधिमध्ये तीसै जना, गण्डकी प्रदेशका ९ जना प्रतिनिधिमध्ये नवै जना, लुम्बिनी प्रदेशका १० जना प्रतिनिधिमध्ये दशै जना, कर्णाली प्रदेशका ५ जना प्रतिनिधिमध्ये पाँचै जना र सुदूर पश्चिम प्रदेशका ९ जना प्रतिनिधिमध्ये नवैजना गरी जम्मा **९७ जना प्रतिनिधिको सहभागिता** भएको हुँदा नियमानुसार साधारण सभा सञ्चालन गर्नका लागि गणपूरक सङ्ख्या पूरा भएको जानकारी सभालाई गराउनुभयो।

साधारण सभामा मताधिकार प्राप्त ९७ जना प्रतिनिधिका अलावा साधारण सभाको बन्द सत्रमा नेसनल बोर्ड र पुनरावेदन समिति, नोमिनेनस कमिटि र प्रेपरेटोरी कमिटिका पदाधिकारी तथा सदस्यहरू १६ जना, राष्ट्रिय सचिवालयका कर्मचारीहरू १० जना, समूहका पर्यवेक्षक ५ जना, ७ जना पूर्व अध्यक्षहरू, नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा आमन्त्रित विभिन्न समितिका संयोजक र सदस्यहरू **३ जना**, एम्नेस्टी इन्टरनेसनलका इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य पासाङ शेर्पा **(१ जना)**, स्वयंसेवक **(३ जना)** लगायतको बन्द सत्रमा उपस्थिति रहेको थियो। *(साधारण सभाका सम्पूर्ण सहभागीहरूको नामदर्ता विवरण अनुसूची १ मा दिइएको छ।)*

## ३३ औं साधारण सभाको कार्यसूची (एजेन्डा) प्रस्तुत र अनुमोदन

गणपूरक सङ्ख्याको जानकारी पश्चात् साधारण सभाका अध्यक्ष बिपिन बुढाथोकीले नेसनल बोर्डद्वारा प्रस्तावित ३३ औं साधारणसभाको एजेन्डा (कार्यसूची) वाचन गरेर सुनाउनुभयो। प्रस्तावित एजेण्डामा नियमअनुसार मिति २०८१ मंसिर २८ गते नेसनल बोर्डले ३४ औं साधारण सभासम्मका लागि प्रेपकमको महिला सदस्य पद पूर्तिका लागि प्रस्तुत गरेको आक्समिक प्रस्ताव (emergency resolution)सम्बन्धी विषय थप गरिएको पनि सभालाई जानकारी गराउनुभयो।

त्यस पश्चात् सो एजेन्डाका बारेमा आफ्नो विचार राख्न वा एजेण्डा थप घट केही गर्नु पर्ने भएमा सोका बारेमा

जानकारी गराउन सभालाई अनुरोध गर्नुभएकोमा कसैले कुनै विचार नराखेपछि उहाँले उक्त एजेन्डा अनुमोदनार्थ सभामा पेश गर्नुभयो।

आकस्मिक प्रस्तावसहित साधारण सभामा अध्यक्षले नेसनल बोर्डको तर्फबाट प्रस्ताव गरिएको ३३ औं साधारण सभाको छलफल र कार्यसूची (एजेन्डा)मा सभाका प्रतिनिधिहरूले सर्वसम्मतिले सहमति जनाउनुभएपछि अध्यक्षले उक्त कार्यसूची (एजेण्डा) अनुमोदन भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** नेसनल बोर्डद्वारा प्रस्तुत ३३औं साधारण सभाको छलफलको कार्यसूची (एजेण्डा) साधारण सभामा पेश गरिएकोमा साधारण सभाले उक्त एजेण्डा सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## प्रतिवेदक र टेलरको अनुमोदन

त्यसपछि अध्यक्ष बिपिन बुढाथोकीले ३३ औं साधारण सभाको माइनुट लेख्ने कार्यका लागि नेसनल बोर्डद्वारा प्रस्तावित गरिएका समूह ७२, पनौतिका निवर्तमान संयोजक राजेश कुमार श्रेष्ठ र इलाइजन युथनेटवर्कका अल्सा पोतेलाई प्रतिवेदकका रूपमा र मतगणक (टेलर)का रूपमा राष्ट्रिय सचिवालयका कर्मचारीहरू आइटि अफिसर प्रशान्त त्रिपाठी, अभियान संयोजक अस्मिता सापकोटा, मेम्बरसिप इन्चार्ज चक्र कुमार प्रधान र कार्यालय सहायक जगन्नाथ आचार्यको नाम अनुमोदनका लागि साधारण सभामा प्रस्तुत गर्नुभयो। प्रस्तावित नामहरूमा सहभागी सबै प्रतिनिधिहरूले सर्वसम्मत रूपमा सहमति जनाउनुभएपछि अध्यक्षले उहाँहरूको नाम ३३ औं साधारण सभाबाट निर्धारित प्रयोजनका लागि स्वीकृत भएको ३३ औं साधारण सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले समूह ७२, पनौतिका संयोजक राजेश कुमार श्रेष्ठ र इलाइजन युथ नेटवर्कका अल्सा पोतेलाई प्रतिवेदक तथा राष्ट्रिय सचिवालयका कर्मचारी आइटि अफिसर प्रशान्त त्रिपाठी, अभियान संयोजक अस्मिता सापकोटा, मेम्बरसिप इन्चार्ज चक्र कुमार प्रधान र कार्यालय सहायक जगन्नाथ आचार्यलाई टेलरमा नियुक्त गर्ने प्रस्तावलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम प्रतिवेदन प्रस्तुत र पारित

सभाका अध्यक्ष बिपिन बुढाथोकीले निर्देशक निराजन थपलियालाई आ.व. २०८०/८१ को कार्यक्रम प्रतिवेदनका बारेमा प्रस्तुति राख्न अनुरोध गर्नुभयो। निर्देशक थपलियाले संस्थाले गरेका मानवअधिकारसम्बन्धी विविध गतिविधिहरू, तिनका प्रभाव, विभिन्न व्यवस्थापकीय विषयहरू, सदस्यताको अवस्था, बोर्डसँग समबन्धित नीति निर्माण प्रकृया, संस्थागत सुधारका गतिविधि लगायतका विषयमा पाओर पोइन्टका माध्यमबाट प्रस्तुति गर्नुभयो।

उक्त प्रस्तुतिपछि सभाका अध्यक्षले त्यसमाथि छलफल खुला भएको जानकारी गराउँदै कुनै जिज्ञासा, सुझाव, प्रश्न वा अन्य कुनै प्रतिक्रिया भए त्यसका लागि नाम लेखाउन अनुरोध गर्नुभयो। तपसिलका समूहका प्रतिनिधिहरूले निम्न प्रश्न र जिज्ञासा राख्नुभयोः

<u>तपसिल</u>

(१) तारा आचार्य, समूह ४१ : प्रस्तुति राम्रो छ। सदस्यता रहेको ठाउँहरू खासगरी समूह र युथनेटवर्कहरू रहेका ठाउँमा सचिवालय पुगेर तटस्थ तरिकाले सहजीकरण गर्नु भएको भए अझ राम्रो हुन्थ्यो। गर्न त

गर्नुभएको छ। यसलाई अझ बढाउनुपयो भन्ने मेरो सुझाव हो। अन्यथा एम्नेस्टी फोटो खिच्ने संस्थाका रूपमा मात्र चिनेने जोखिम रहन सक्छ।

(२) प्रेम बहादुर बस्नेत, समूह ७५: सबैलाई नमस्कार। यहाँहरू सबै यस साधारण सभाको गहना हुनुहुन्छ।

(३) स्वस्तिका चौधरी, अग्रासन युथनेटवर्क: अग्रासन युथनेटवर्क मात्र थारू समुदायका युवाहरू सम्मिलित युथनेटवर्क हो र यो युथनेटवर्कको स्थापना, सुदृढीकरण र सशक्तिकरणमा अध्यक्ष बिपिन बुढाथोकीले विशेष भूमिका खेल्नुभएकोमा उहाँप्रति विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

उल्लिखित प्रतिनिधिहरूले आफ्नो विचार राखेपछि निर्देशक थपलियालाई थप कुरा राख्न अध्यक्षले समय प्रदान गर्नुभयो। वार्षिक प्रतिवेदनका सवालमा कसैले केही प्रश्न नराखेकोले कुनै जवाफ दिन नपरेको निर्देशक थपलियाले बताउनुभयो। प्रतिनिधि तारा आचार्यको सदस्यता तहमा सचिवालयबाट हुनुपर्ने सहयोगका सवालमा सुधार गर्न सकिने ठाउँहरू रहेकोमा आगामी दिनमा सो सवालमा सकारात्मक कदमहरू चालिने प्रतिबद्धता व्यक्त गर्नुभयो। त्यसपछि सभा अध्यक्षले आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम प्रतिवेदन अनुमोदनका लागि साधारण सभामा प्रस्तुत गर्नु भएकोमा सभाका सबै प्रतिनिधिहरूले तालि बजाई उक्त प्रतिवेदनलाई अनुमोदन गरेपछि अध्यक्ष बुढाथोकीले निर्देशकद्वारा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम प्रतिवेदनलाई साधारण सभाले सर्वसम्मतिले अनुमोदन गरेको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले निर्देशकद्वारा प्रस्तुत आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम प्रतिवेदनलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## सन् २०२५ को कार्यक्रम र बजेट प्रस्तुत र पारित

सभाका अध्यक्ष बिपिन बुढाथोकीले एम्नेस्टी नेपालका निर्देशक निराजन थपलियालाई सन् २०२५ को कार्यक्रम र बजेटका सवालमा प्रस्तुति राख्न समय प्रदान गर्नुभएपछि निर्देशक थपलियाले "दस्तावेज पुस्तिकामा" समावेश गरिएको कार्यक्रम र बजेटका बारेमा संक्षिप्त प्रस्तुति राख्नुभयो। उक्त प्रस्तुतिपछि सभाका अध्यक्षले त्यसमाथि छलफल खुला भएको जानकारी गराउँदै कुनै जिज्ञासा, सुझाव, प्रश्न वा अन्य कुनै प्रतिक्रिया भए त्यसका लागि नाम लेखाउन अनुरोध गर्नुभयो। तपसिलका समूहका प्रतिनिधिहरूले निम्न प्रश्न र जिज्ञासा राख्नुभयो:

<u>तपसिल</u>

१) **कमल शाह, समूह ५७:** स्थानीय सरकारहरूमा अहिले एउटा देखिएको समस्या के छ भने त्यहाँ प्रमुख र उपप्रमुखका बीचमा कुरा नमिलेर धेरै समय बजेट र कार्यक्रम प्रभावित हुने, कर्मचारीहरू पनि तलब भत्त नपाएर विरोधमा उत्रने लगायतका गतिविधिहरूले स्थानीय जनताले सेवा सुबिधा नपाएर वञ्चित हुने अवस्था रहेको छ। नागरिकहरूले सामाजिक सुरक्षा भत्ता पनि यथा समयमा पाउन सक्दैनन्। यस सवालमा पनि एम्नेस्टी नेपालले ध्यान दिनु पर्छकी भन्ने मेरो सुझाव रहेको छ।

सभा अध्यक्षले प्रतिनिधि कमल साहले उठान गर्नुभएको विषयलाई ध्यान दिइने बताउँदै प्रस्तुत गरिएको विषयमा विशेष त्यस्तो कुनै सवाल नरहेकोले सन् २०२५ को कार्यक्रम र बजेट अनुमोदनार्थ सभामा पेश गरिएकोले अनुमोदनका लागि सभालाई अनुरोध गर्नुभयो। सभाले निर्देशक थपलियाद्वारा प्रस्तुत सन् २०२५ को कार्यक्रम र बजेटलाई तालि बजाएर सर्वसम्मतिले अनुमोदन गरेपछि अध्यक्ष बुढाथोकीले सन् २०२५ को कार्यक्रम र

बजेट पारित भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले निर्देशक निराजन थपलियाद्वारा प्रस्तुत सन् २०२५ को कार्यक्रम र बजेट सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्यो।

## आ.व. २०८०/८१ को नेसनल बोर्डको प्रतिवेदन प्रस्तुत र पारित

सभा अध्यक्ष बिपिन बुढाथोकीले नेसनल बोर्डले आफ्नो कार्यकालमा हासिल गरेका प्रमुख उपलब्धीहरूको बारेमा सङ्क्षिप्त चर्चा गर्नुभयो। उहाँले विशेष गरी दस्तावेज पुस्तिकामा समावेश गरिएका निम्न बुँदाहरूलाई वाचन गरेर प्रस्तुति गर्नुभयो।

- धुलिखेलमा सम्पन्न ३० औं साधारण सभाबाट निर्वाचित भएलगत्तै अन्तर्राष्ट्रिय सचिवालयका प्रतिनिधि ङ्यानम देवदासको मुख्य सहजिकरणमा नेसनल बोर्ड र पुनरावेदन समितका पदाधिकारी तथा राष्ट्रिय सचिवालयले सन् २०२२ को मेमा संस्थाको लक्ष्य, कायदिश र सुशासनसँग सम्बन्धित विविध सवालमा विस्तृत अभिमुखीकरण प्राप्त गरेका थिए।

- ३० औं वार्षिक साधारण सभा भन्दा करिब एक वर्ष अघि सन् २०२१ को मे ७ मा एम्नेस्टी नेपाल शाखाले अन्तर्राष्ट्रिय सचिवालयसँग गरेको समझदारी पत्र (एमओयु) का आधारमा अन्तर्राष्ट्रिय सचिवालयसँग नियमित संवाद र सहकार्यमा रहेर एमओयुका बाँकी प्रक्रियालाई यस नेसनल बोर्डले सफलताका साथ अगाडि बढाई हाल उक्त सम्झौतालाई लगभग पूर्ण तहको कार्यान्वयनको अवस्थामा पुर्याएको छ।

- नेसनल बोर्डले एम्नेस्टी नेपालमा विगत पाँच वर्षदेखि कार्यरत रहेका निर्देशकको कार्यसंपादन मूल्याङ्कन र योगदानसमेतलाई ध्यानमा राख्दै नेसनल बोर्डले तीन वर्षका लागि सर्वसम्मत रूपमा करार सम्झौता नवीकरण गरेर संस्थालाई गति प्रदान गर्ने निर्णय गरेको थियो।

- अन्तर्राष्ट्रिय सचिवालयसँगको समझदारी पत्र (एमओयु) र सन् २०२२ को डिसेम्बर मा नवलपरासी (सुस्ता पूर्व) मा सम्पन्न ३१ औं साधारण सभाको निर्णयअनुसार एम्नेस्टी नेपालको गभर्नेन्स मोडलको मूल्यांकन गर्दै विभिन्न स्याम्पलिङ, अन्तर्वार्ता, परामर्श र बैठकहरूबाट प्राप्त सुझावहरूमा आधारित रहेर नेसनल बोर्डले प्रस्तुत गरेको संस्थागत पुनर्संरचनासम्बन्धी प्रावधानसहितको विधान र नियमावलीहरूको संशोधनसम्बन्धी प्रस्तावलाई सन् २०२३ को डिसेम्बर १ र २ मा दाङको घोराहीमा सम्पन्न ३२ औं साधारण सभाले सर्वसम्मतिले पारित गरेको थियो।

- एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय गभर्नेन्स बैठकहरूमा यस नेसनल बोर्डले सक्रिय र प्रभावकारी सहभागिता जनाएको छ। सन् २०२२ को नोभेम्बरमा बैंककमा आयोजित एसिया प्यासिफिक चेयर डाइरेक्टरहरूको भेला, सन् २०२३ को अप्रिलमा अष्ट्रेलियामा सम्पन्न एसिया प्यासिफिक रिजनल फोरम, सन् २०२३ को अगस्टमा बेल्जियमको ब्रसेल्समा सम्पन्न ग्लोबल असेम्ब्ली, सन् २०२४ को मेमा फिलिपिन्सको सिबुमा सम्पन्न एसिया प्यासिफिक रिजनल फोरम र सन् २०२४ को अगस्टमा

थाइल्याण्डमा सम्पन्न ग्लोबल असेम्ब्लीमा एम्नेस्टी नेपालको सक्रिय सहभागिता र योगदान रह्यो। यस नेसनल बोर्डको कार्यकालको सबैभन्दा महत्त्वपूर्ण उपलब्धी के रहेको छ भने एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय गभर्नेन्स तहमा प्रथम पटक आफ्नो प्रतिनिधिलाई मनोनय गरी सन् २०२२ अगस्टमा सम्पन्न भर्चुअल गोलबल असेम्ब्लीबाट अत्यधिक मतका साथ निर्वाचित गराएको थियो। इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य पदमा त्यसरी निर्वाचित हुनुभएका एम्नेस्टी नेपाल शाखाका पूर्व नेसनल बोर्ड सदस्य पासाङ शेर्पा सन् २०२४ को अगस्टमा थाइल्याण्डमा सम्पन्न ग्लोबल असेम्ब्लीबाट पुनः दोश्रो कार्यकालका लागि निर्वाचित हुनु भएको छ।

- यो नेसनल बोर्डको कार्यकालमा सन् २०२२ मा छ पटक, सन् २०२३ मा सात पटक र सन् २०२४ मा पाँच पटक गरी जम्मा १८ वटा बैठकहरू (जसमा ३ वटा साधारण सभा स्थल र बाँकी सबै राष्ट्रिय सचिवालयमा) भएका छन् र ती बैठकहरूबाट संस्थाको गति, दिशा, प्राथमिकता, सुशासन, लक्ष्य निर्धारण र कार्ययोजना तयारी लगायतका धेरै सवालहरूमा महत्त्वपूर्ण निर्णयहरू भएका छन्।

- यस नेसनल बोर्डको कार्यकालको दौरान प्राप्त भएको अर्को महत्त्वपूर्ण उपलब्धि भनेको यसै वर्ष अर्थात सन् २०२४ को मे २१ देखि २५ का बीच एम्नेस्टी इन्टरनेसनलका महासचिव डा. आग्नेस कालामारले नेपाल भ्रमण गर्नुभयो। सन् २०१४ मा तात्कालीन महासचिव सलिल सेट्टीको भ्रमण भएयता विगत १० वर्षपछि भएको एम्नेस्टीका महासचिवको नेपाल भ्रमणका क्रममा उहाँले नेपालका प्रधानमन्त्री र शीर्ष राजनीतिक नेतृत्वहरूसँग भेट गरी नेपालका प्रमुख मानवअधिकार सवालहरूमा एम्नेस्टीको सरोकार र चासो व्यक्त गर्नुभएको छ। त्यस्तै उहाँले पीडित र अन्य साझेदारहरूसँग पनि मानवअधिकारका विविध सवालमा छलफल र परामर्श गर्नुभएको थियो। साथै उहाँले करिब ४०० सहभागीहरू सम्मिलित टाउन हल कार्यक्रममा मानवअधिकारका विश्वव्यापी सवाल र चुनौतीका सवालमा गहन अन्तर्संवाद समेत गर्नुभएको थियो।

- साथै सन् २०२५ मा आयोजना गरिने एसिया प्रशान्त क्षेत्रको रिजनल फोरम नेपालमा आयोजना गर्ने गरी अन्तर्राष्ट्रिय सचिवालयले तयारी थालिरहेको कुरा पनि नेपाल शाखाका लागि एउटा गर्वको विषय हो। लगभग २६ वर्षपछि एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय स्तरको बैठक नेपालमै एम्नेस्टी नेपालले होस्ट गर्न लागिरहेको यहाँहरू सामु निवेदन गर्न चाहन्छु।

उल्लिखित बुँदाहरू प्रस्तुत गरिसकेपछि थप प्रस्तुतिका लागि सभा अध्यक्षले महासचिव शचिता कुईंकेललाई नेसनल बोर्डको आ.व. २०८०/८१ को गतिविधिहरूसम्बन्धी प्रतिवेदन पेश गर्न समय प्रदान गर्नुभयो। त्यसपछि महासचिव कुईंकेलले नेसनल बोर्डको प्रतिवेदन वाचन गरेर प्रस्तुत गर्नुभयो। उहाँले गत आर्थिक वर्षमा दाङको घोराहीमा सम्पन्न ३२ औं वार्षिक साधारण सभा, आर्थिक वर्षभरीमा भएका आठवटा नेसनल बोर्ड बैठक, ग्लोबल गभर्नेन्सअन्तर्गत ग्लोबल असेम्ब्ली र रिजनल फोरममा नेपाल शाखाको सहभागिता, संस्थाको भौतिक संपरीक्षण, लेखापरीक्षण लगायतका सवालमा सभालाई जानकारी गराउनुभयो।

महासचिवले नेसनल बोर्डको प्रतिवेदन पेश गरिसक्नुभएपछि सभा अध्यक्ष बुढाथोकीले महासचिवद्वारा प्रस्तुत गरिएको नेसनल बोर्डको प्रतिवेदनका बारेमा प्रश्न वा जिज्ञासा भए नाम टिपाई सो राख्नका लागि सहभागी प्रतिनिधिहरूलाई समय प्रदान गर्नुभयो।

कोही पनि प्रतिनिधिले समय माग नगर्नु भएपछि सभाअध्यक्ष बुढाथोकीले महासिचव कुईंकेलद्वारा प्रस्तुत गर्नुभएको नेसनल बोर्डको प्रतिवेदन अनुमोदनका लागि ३३ औं साधारण सभालाई अनुरोध गर्नुभयो। सभाले ताली बजाएर सर्वसम्मतिले उक्त प्रतिवेदन अनुमोदन गरेकोले सोको बारेमा सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आ.व. २०८०/८१ मा नेसनल बोर्डद्वारा भए गरिएका गतिविधिहरू समावेश गरी महासचिवद्वारा प्रस्तुत गरिएको नेसनल बोर्डको वार्षिक प्रतिवेदनलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## आ.व. २०८०/८१ को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन प्रस्तुत र पारित

एम्नेस्टी इन्टरनेसनल नेपालको आर्थिक वर्ष २०८०/८१ को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन प्रस्तुतिका लागि सभाका अध्यक्ष बिपिन बुढाथोकीले कोषाध्यक्ष श्री रोशन बजगाईंलाई समय प्रदान गर्नुभयो।

एम्नेस्टी इन्टरनेसनल नेपालको आर्थिक वर्ष २०८०/८१ को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन प्रतिनिधिहरूलाई इमेलबाट पनि प्रेशित गरिएको र सहभागीहरूलाई वितरित दस्तावेज पुस्तिकामा पनि समावेश गरिएको अवगत गराउँदै कोषाध्यक्ष बजगाईंले प्रतिवेदनको सङ्क्षिप्त विवरण प्रस्तुत गर्नुभयो।

आर्थिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको प्रस्तुतिपछि सभाका अध्यक्षले त्यसमाथि छलफल खुला भएको जानकारी गराउँदै सो प्रतिवेदनका विषयमा कुनै जिज्ञासा, सुझाव, प्रश्न वा अन्य कुनै प्रतिक्रिया भए त्यसका लागि नाम लेखाउन अनुरोध गर्नुभयो। कोही पनि प्रतिनिधिले समय माग नगर्नुभएपछि सभाअध्यक्ष बुढाथोकीले कोषाधक्ष रोशन बजगाईंद्वारा प्रस्तुत आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन अनुमोदनका लागि ३३ औं साधारण सभालाई अनुरोध गर्नुभयो। सभाले ताली बजाएर सर्वसम्मतिले उक्त प्रतिवेदन अनुमोदन गरेकोले सोको बारेमा सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आर्थिक वर्ष ०८०/०८१ को आर्थिक तथा लेखा परीक्षण प्रतिवेदन सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्यो।

## आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षक नियुक्ति

सभाका अध्यक्ष बिपिन बुढाथोकीले एम्नेस्टी नेपाल शाखाका निर्देशक निराजन थपलियालाई आ.व. २०८१/८२ को लेखापरीक्षक नियुक्तिसम्बन्धी प्रस्ताव प्रस्तुत गर्न समय प्रदान गर्नुभयो। निर्देशक थपलियाले एक सार्वजनिक सूचना जारी गरी आफ्नो दर भाउ सहित आ.व. २०८१/८२ को लेखा परीक्षण सेवा प्रदान गर्नका लागि इच्छुक लेखा परीक्षकहरूलाई प्रस्ताव पेश गर्न आह्वान गरिएकोमा उक्त प्रकृयामा सहभागी भएका रितपूर्वक आवेदन दिएका तपसिलका सात लेखापरीक्षकहरूलाई साधारण सभामा प्रस्तुत गर्नुभयो।

<u>तपसिल :</u>

१. ए नेपाल एण्ड असोसियट्स्, चार्टर्ड अकाउन्टेन्ट्स्

२. डि. नेउपाने एण्ड असोसियट्स्, चार्टर्ड अकाउन्टेन्ट्स्

३. के.एम.यु एण्ड असोसियट्स्, चार्टर्ड अकाउन्टेन्ट्स्

४. देव असोसियट्स्, चार्टर्ड अकाउन्टेन्ट्स्

५. एस.एच.ए, एण्ड असोसियट्स्, चार्टर्ड अकाउन्टेन्ट्स्
६. एस. देवकोटा एण्ड कम्पनी, चार्टर्ड अकाउन्टेन्ट्स्
७. प्रकाश आचार्य एण्ड असोसियट्स्, चार्टर्ड अकाउन्टेन्ट्स्

त्यसपछि कोषाध्यक्ष रोशन बजगाईंले उल्लिखितमध्ये न्यूनतम शुल्कसहित प्रस्ताव पेश गर्नेलाई नै नियुक्त गर्ने भएतापनि कुनै अपवादात्मक अवस्थामा नियुक्त गरिएको लेखा परीक्षकले लेखा परीक्षण नगरेमा वा गर्न असमर्थ रहेमा पुनः साधारण सभालाई कुर्नुपर्ने व्यवहारिकतालाई समेत हृदयङ्गम गर्दै सभाले नेसनल बोर्डलाई नै अनुकूल समयमा निर्णय गरेर लेखापरीक्षक नियुक्त गर्ने अधिकार प्रत्यायोजन गर्दा उचित हुन सक्ने प्रस्ताव राख्नुभयो।

सभाअध्यक्ष बिपिन बुढाथोकीले कोषाधक्षको उल्लिखित प्रस्तावका बारेमा विचार गर्न अनुरोध गर्नुभएकोमा सभाले उक्त प्रस्तावलाई ताली बजाई सर्वसम्मतिले अनुमोदन गर्यो र सोको बारेमा अध्यक्षले सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आ.व. २०८१/८२ को लेखापरीक्षण कार्य सम्पन्न गर्नका लागि आफ्नो दरभाउसहित राष्ट्रिय सचिवालयमा आवेदन दिएका उल्लिखित सातमध्ये कुनै एक लेखापरीक्षकलाई नियुक्ति गर्न नेसनल बोर्डलाई अख्तियारी दिने निर्णय गर्यो।

## ३४ औं साधारण सभासम्मका लागि प्रेपकम महिला सदस्यको नियुक्तिसम्बन्धी आकस्मिक प्रस्ताव

नोमिनेसन कमिटिले नेसनल बोर्ड र समितिहरूका पदमा उम्मेदवारीसम्बन्धी विधिसम्मत प्रकृया सुरू गरी योग्य उम्मेदवारहरूलाई निर्वाचन समितिमा प्रस्तुत गरेकोमा निर्वाचन समितिले मिति २०८१ मंसिर २८ गते विभिन्न पाँच उम्मेदवारहरूलाई तोकिएको समयभित्र मनोनयन शुल्क भुक्तानी नगरेको कारण निर्वाचन प्रकृयामा सामेल नगराइने भनी पत्राचार गरेको सन्दर्भमा प्रेपरेटोरी कमिटि महिला सदस्य पदमा कुनै पनि उम्मेदवार नरहेकोले र तत्कालै सो पद पूर्तिका लागि नोमिनेसनल प्रकृया अघि बढाउने समय पनि नभएकोले आगामी ३४ औं साधारण सभामा निर्वाचनबाट उक्त पद पूर्ति नगरिन्जेलसम्मको अवधिका लागि सङ्क्रमणकालीन व्यवस्था गरी प्रेपरेटोरी कमिटिलाई पूर्णता दिनका लागि नेसनल बोर्डलाई जिम्मेवारी दिनेसम्बन्धी एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा नियमावली, २०६२ (सन् २००५) को छैठौं संशोधन २०८० (सन् २०२३) को नियम नं ८ को उपनियम (च) बमोजिम आकस्मिक प्रस्ताव पेश गरिएको अध्यक्षले साधारण सभालाई जानकारी गराउनुभयो।

उल्लिखित सवालमा प्रतिनिधिहरूलाई आफ्नो राय, सुझाव वा प्रश्न राख्नका लागि नाम टिपाउन समय प्रदान गर्दा कुनै पनि प्रतिनिधिले नाम नटिपाएपछि उक्त प्रस्ताव अनुमोदनार्थ सभामा पेश गरिएको अध्यक्षले जानकारी गराउनुभयो। सभाका सबै प्रतिनिधिहरूले ताली बजाएर उक्त आकस्मिक प्रस्ताव सर्वसम्मतिले अनुमोदन गरेपछि उक्त प्रस्ताव पारित भएको अध्यक्षले सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** विशेष कारणवस ३३ औं साधारण सभाबाट निर्वाचन हुन नसकी रिक्त हुन जाने प्रेपरेटोरी कमिटिको महिला सदस्य पदमा सङ्क्रमणकालीन व्यवस्था गरी ३४ औं साधारण सभासम्मका लागि प्रेपकमलाई पूर्णता दिन नेनसनल बोर्डलाई जिम्मेवारी दिनका लागि नेसनल बोर्डद्वारा प्रस्तुत गरिएको आकस्मिक प्रस्तावलाई ३३ औं साधारण सभाले सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्यो।

यसपछि निर्वाचन समितिका संयोजक शेषकुमार निरौलाले सबै प्रतिनिधि, नेसनल बोर्ड र अन्य समितिका विभिन्न पदका उम्मेदवारहरूलाई मंसिर ३० गते सम्पन्न हुने निर्वाचनसम्बन्धी प्रक्रिया लगायत अन्य महत्त्वपूर्ण विषयहका बारेमा सभालाई जानकारी गराउनुभएको थियो। उम्मेदवारहरूको नाम फिर्ता लिने र अन्तिम नामावली प्रकाशन गरिने समय मंसिर २९ गते रातको १० बजेका लागि निर्धारण गरिएको थियो।

**निर्वाचन बन्द सत्र, दोश्रो दिन**
**मिति: २०८१ मंसिर ३० गते (१५ डिसेम्बर २०२८), आइतबार।**
**स्थान: द नारायणी रिजोर्टको सभा हल, गैंडाकोट, नवलपरासी (सुस्ता पूर्व)**

मिति २०८१ मंसिर ३० गते बिहान ९ बजेदेखि नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि र पुनरावेदन समितिको विभिन्न पदहरूमा उम्मेदवारी दिएका उम्मेदवारहरूलाई दुई दुई मिनेटमा आफ्नो मन्तव्य राख्नको लागि समय प्रदान गरिएको थियो। सबैले आफ्नो मन्तव्य राखिसकेपछि मतदानको कार्य प्रारम्भ गरिएको थियो। नेसनल बोर्ड कोषाधक्ष, नेसनल बोर्ड सदस्य (महिला), नेसनल बोर्ड सदस्य (खुला) र नेसनल बोर्ड सदस्य (युवा महिला) पदहरूका लागि मात्र मतदान भएको थियो। अन्य सबै पदहरू निर्विरोध भएको थियो। मतदान समापन भएपछि निर्वाचन अधिकृतले गणकहरूको सहयोगमा मत गणना गर्नुभएको थियो।

प्राप्त अन्तिम मत परिणामअनुसार नेसनल बोर्डको अध्यक्षमा बिपिन बुढाथोकी निर्विरोध निर्वाचित हुनुभएको थियो। त्यस्तै कोषाध्यक्षमा होम बहादुर अधिकारी निर्वाचित हुनुभएको थियो। नेसनल बोर्डका अन्य निर्वाचित सदस्यहरूमा केशब पोखरेल, शचिता कुइँकेल, लोकेन्द्र सिंह, सुमन कुमार, पुजा थापा, मिना थापा, बैकुण्ठ प्रसाद अर्याल, एलिसा महत र मौसम कार्की रहेका छन्। नोमिनेसन कमिटिको संयोजकमा रोशन बजगाईं र सदस्यहरूमा अप्रिल अधिकारी र कल्पना खड्का निर्विरोध निर्वाचित हुनुभयो। त्यस्तै पुनरावेदन समितिको संयोजकमा देवेन्द्र कुमार सेजुवाल र सदस्यहरूमा संजोग प्रखरेल र निकी कर्ण निर्विरोध निर्वाचित हुनुभयो। त्यस्तै प्रेपकमको खुला सदस्य पदमा कविन्द्र नेपाल निर्विरोध निर्वाचित हुनुभयो।

## पदभार र साधारण सभा समापन

दोश्रो कार्यकालका लागि निर्वाचित हुनुभएका अध्यक्ष बिपिन बुढाथोकीले एम्नेस्टी नेपाललाई सबै सदस्यहरूको स्वामित्व र साझेदारी हुने गरी मानवअधिकार प्रभावकेन्द्रित अभियान बनाउनमा आफ्नो दोश्रो कार्यकालमा

फरक तरिकाले नेतृत्व निर्वाह गर्ने र यसो गर्ने क्रममा राष्ट्रिय सचिवालय, अन्य समिति र आम नागरिक समाज, पीडित र अधिकारधारकहरूको विचार, सन्दर्भ र परिवेशलाई हृदयङ्गम गर्ने लक्ष्य राखेको साधारण सभालाई जानकारी गराउनुभयो।

कार्यक्रममा निर्वाचन अधिकृत शेष कुमार निरौलाले सबै निर्वाचित उम्मेदवारहरूलाई निर्वाचित भएको प्रमाणपत्र पनि प्रदान गर्नुभएको थियो।

कार्यक्रम समापनको क्रममा पूर्व अध्यक्ष चरण प्रसाईंले एम्नेस्टी नेपालले साँच्चै नया स्पिरिट लिएको र अध्यक्षलाई निर्विरोध रूपमा सर्वसम्मत गराएर इतिहास रचेकोमा बधाई ज्ञापन गर्नुभयो। उहाँले सबै एम्नेस्टी अभियन्ताहरूलाई आफ्नो सक्रियता र संलग्नतालाई थप फराकिलो र जुझारू बनाउन आग्रह गर्नुभयो। मानवअधिकारको चुनौती र समस्याहरू बिकराल बन्दै गइरहेको वर्तमान परिप्रेक्ष्यमा एम्नेस्टी अभियन्ताहरूलाई ढिलो गर्ने छुट नभएकोले अत्यन्तै जागरूक बन्न र तत्पर रहन आग्रह गर्नुभयो। नवनिर्वाचित सदस्य तथा पदाधिकारीलाई सफल कार्यकालको लागि शुभकामना पनि व्यक्त गर्नुभयो। उहाँले सचिवालय सक्षम र स्वतन्त्र हुन आवश्यक रहेको पनि चर्चा गर्नुभयो। उहाँले थप भन्नुभयो "नीतिहरू बोर्डले बनाउने हो। दैनिक गतिविधिहरूलाई सचिवालयले स्वतन्त्रतापूर्वक अगाडि बढाउनुपर्छ। बोर्ड र सचिवालयबीचमा कुनै द्वन्द्व नभई जसरी अहिले संस्था अगाडि बढिरहेको छ यसमा मलाई खुसी लागेको छ। अब आगामी दिनहरूमा पनि संस्था यसैगरी बढोस् भन्ने मेरो शुभेच्छा छ।"

साधारण सभाको समापन मन्तव्य राख्नुहुँदै निर्वाचन अधिकृत शेष कुमार निरौलाले आफ्नो कार्यभार सम्पन्न गर्नका लागि सहयोग र साथ दिनुभएकोमा सबैलाई धन्यवाद दिनुभयो र नवनिर्वाचित बोर्ड र समितिहरूलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभयो। निर्वाचन प्रकृया आगामी दिनमा थप परिष्कृत हुँदै जाने अपेक्षा गर्दै निर्वाचन सम्पन्न गर्ने भूमिका दिएकोमा निवर्तमान नेसनल बोर्डलाई धन्यवाद व्यक्त गर्नुभयो। आफू लामो समयदेखि एम्नेस्टीको सदस्य भएको, जीवनभरी सदस्य रहिरहने र संस्थालाई सहयोग गरिरहने बताउँदै ३३ औं साधारणसभा अन्त्य भएको घोषणा गर्नुभयो।

**तेश्रो दिन, पत्रकार सम्मेलन र नवनिर्वाचित बोर्डको पहिलो बैठक**
**मिति : २०८१ पौष १ गते (१६ डिसेम्बर २०२४), सोमबार।**
**स्थान : द नारायणी रिसोर्ट, गैंडाकोट (नवलपरासी सुस्ता पूर्व)**

एम्नेस्टी इन्टरनेसनल नेपालले २०८१ पौष १ गते बिहान द नारायणी रिजोर्टमा पत्रकार सम्मेलन गरी चितवन र नवलपरासी (सुस्ता पूर्वका) स्थानीय सञ्चारकर्मीहरूलाई भर्खरै सम्पन्न भएको तेत्तिसौं साधारण सभा र उक्त साधारण सभामा प्रस्तुत, छलफल र पारित गरिएका विषयवस्तु तथा नवनिर्वाचित नेसनल बोर्ड र समितिहरूका बारेमा जानकारी गराउने काम गर्यो।

पत्रकार सम्मेलनपश्चात द नारायणी रिजोर्टमा नवनिर्वाचित नेसनल बोर्डको पहिलो बैठक बसेको थियो। उक्त बैठकले तेत्तिसौं साधारण सभाबाट निर्वाचित सदस्यहरूमध्येबाट केशव पोखरेललाई उपाध्यक्ष, शचिता कुईंकेललाई महासचिव र पुजा थापालाई उपमहासचिवको पदमा नियुक्त गर्ने सर्वसम्मत निर्णय गरेको थियो।

## संलग्न अनुसूची

अनुसूची १: ३३ औं साधारण सभामा सहभागीहरूको नाम दर्ताको सूची।

अनुसूची २: नेसनल बोर्डद्वारा प्रस्तावित र साधारण सभाद्वारा अनुमोदित कार्यक्रम एजेण्डा।

### अनुसूची १

३३ औं साधारण सभामा सहभागीहरूको नाम दर्ताको सूची।

**एम्नेस्टी नेपालका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूका प्रतिनिधिहरू**

१. कोशी प्रदेशबाट १४ जना प्रतिनिधिमध्ये १२ जना, मधेश प्रदेशबाट सातमा सातै जना, बागमती प्रदेश (उपत्यका बाहिर) बाट १६ जना प्रतिनिधिमध्ये १५ जना, बागमती प्रदेश (उपत्यका भित्र) बाट ३० जना प्रतिनिधिमध्ये ३० जना, गण्डकी प्रदेशबाट ९ जना प्रतिनिधि मध्ये नवै जना, लुम्बिनी प्रदेशबाट दश जना प्रतिनिधिमध्ये दशै जना, कर्णाली प्रदेशबाट पाँच जना प्रतिनिधिमध्ये पाँचै जना र सुदूर पश्चिम प्रदेशका नौ जनामा नवै जना प्रतिनिधिहरू।

२. कुल उपस्थित प्रतिनिधि संख्या : ९७

| क्र.सं. | प्रदेश/क्षेत्र | प्रतिनिधिको नाम |
|---|---|---|
| १ | कोशी | बभ्रुवान दाहाल, समूह ६०, दमक, झापा |
| २ | | विमल राजभण्डारी, समूह ७३, विराटनगर, मोरङ्ग |
| ३ | | खगेन्द्र कुमार सुवेदी, समूह ८७, काँकडभिट्टा, झापा |
| ४ | | प्रतीक्षा कार्की, देवी युथ नेटवर्क, विर्तामोड, झापा |
| ५ | | प्रतिष्ठा आचार्य, व्यक्तिगत सदस्य |
| ६ | | प्रेम बहादुर बस्नेत, समूह ७५, दमक, झापा |
| ७ | | रेनुका देवी भट्टराई, समूह ७०, काँकडभिट्टा, झापा |
| ८ | | सन्दिप आचार्य, चन्द्रगढी युथ नेटवर्क, चन्द्रगढी |
| ९ | | शिवेश ढुङ्गाना, दमक युथ नेटवर्क, दमक, झापा |
| १० | | सुनिता पोखेल रिजाल, समूह २२, धुलाबारी, झापा |
| ११ | | तारा आचार्य, समूह ४१, विराटनगर |
| १२ | | यम नाथ श्रेष्ठ, धुलाबारी युथ नेटवर्क, धुलाबारी, झापा |

| | | |
|---|---|---|
| १३ | मधेश | आँचल कुमारी, व्यक्तिगत सदस्य |
| १४ | | दामोदर प्रसाद यादव, समूह २४, बारा |
| १५ | | कमल साह, समूह ५७, जनकपुर |
| १६ | | निकी कर्ण, समूह ५, महोत्तरी |
| १७ | | रन्जना कुमारी, महोत्तरी युथ नेटवर्क, महोत्तरी |
| १८ | | शिव कुमार यादव, महोत्तरी युथ नेटवर्क, महोत्तरी |
| १९ | | स्वेता कुमारी झा, महोत्तरी युथ नेटवर्क, महोत्तरी |
| २० | बागमती (काठमाडौं उपत्यका बाहिर) १ | एलिसा महत, समूह ७२, पनौती, काभ्रेपलाञ्चाक |
| २१ | | अनुशुया भण्डारी, व्यक्तिगत सदस्य |
| २२ | | अप्रिल अधिकारी, समूह १९, रामेछाप |
| २३ | | अवान्तिका नेपाल, काठमाडौं युनिभर्सिटी युथ नेटवर्क, धुलीखेल |
| २४ | | चक्र राज ओझा, खैरहनी युथ नेटवर्क, चितवन |
| २५ | | धनप्रसाद रेग्मी, समूह २५, चितवन |
| २६ | | दिनेश खड्का, रामपुर युथ नेटवर्क, चितवन |
| २७ | | हेमन्त कुमार ढुङगेल, समूह ६७, हेटौडा, मकवानपुर |
| २८ | | कुशल अधिकारी, फरेष्ट्री युथ नेटवर्क, हेटौडा |
| २९ | | राजेश कुमार श्रेष्ठ, समूह ७२, पनौती, काभ्रेपलाञ्चाक |
| ३० | | साधना पौडेल, फरेष्ट्री युथ नेटवर्क, हेटौडा |
| ३१ | | समीक्षा बस्नेत, रामपुर युथ नेटवर्क, चितवन |
| ३२ | | शर्मिला अधिकारी, रामपुर युथ नेटवर्क, चितवन |
| ३३ | | सिर्जना महर,खैरहनी युथ नेटवर्क, चितवन |
| ३४ | | सोबित कार्की, व्यक्तिगत सदस्य |
| ३५ | बागमती (काठमाडौं उपत्यका भित्र) २ | आविद हुसैन, फ्युजन युथ नेटवर्क, भक्तपुर |
| ३६ | | अलका रिजाल, पिस भिजन युथ नेटवर्क, भक्तपुर |
| ३७ | | अल्सा पोते, इलाइजन युथ नेटवर्क, काठमाडौं |

| | | |
|---|---|---|
| ३८ | बागमती (काठमाडौं उपत्यका भित्र) २ | अमन तिवारी, हिकाष्ट युथ नेटवर्क, काठमाडौं |
| ३९ | | अस्मिता मैनाली, एनसिसी युथ नेटवर्क, काठमाडौं |
| ४० | | बेनिशा बस्नेत, एनसिसी युथ नेटवर्क, काठमाडौं |
| ४१ | | बिना भण्डारी, समूह, ८, काठमाडौं |
| ४२ | | चाँदनी श्रेष्ठ, इलाइजन युथ नेटवर्क, काठमाडौं |
| ४३ | | दिलीप बस्नेत, एनओसी युथ नेटवर्क, ललितपुर |
| ४४ | | दिसी आचार्य, नेपाल युथ नेटवर्क, काठमाडौं |
| ४५ | | गणेश भट्टराई, समूह २०, काठमाडौं |
| ४६ | | हृदयन्द्र जङ्ग शाही, नेसनल ल कलेज युथ नेटवर्क, ललितपुर |
| ४७ | | ईश्वर बिष्ट, व्यक्तिगत सदस्य |
| ४८ | | जुना खड्का, समूह ८०, काठमाडौं |
| ४९ | | मौसम कार्की, पिस भिजन युथ नेटवर्क, भक्तपुर |
| ५० | | निष्मा पौडेल, हिकाष्ट युथ नेटवर्क, काठमाडौं |
| ५१ | | प्रशान्त सिलवाल, त्रिचन्द्र युथ नेटवर्क, काठमाडौं |
| ५२ | | प्रेमराज जोशी, आयुर्वेद क्याम्पस युथ नेटवर्क, काठमाडौं |
| ५३ | | पुजन जङ्ग थापा, थापाथली युथ नेटवर्क, काठमाडौं |
| ५४ | | रिजन पोखेल, काठमाडौ युथ नेटवर्क, काठमाडौं |
| ५५ | | रियाज कार्की, इलाइजन युथ नेटवर्क, काठमाडौं |
| ५६ | | रोशनी पाठक, टियु युथ नेटवर्क, काठमाडौं |
| ५७ | | श्रेया पाण्डे, थापाथली युथ नेटवर्क, काठमाडौं |
| ५८ | | सृजना घिमिरे, त्रिचन्द्र युथ नेटवर्क, काठमाडौं |
| ५९ | | सोफिया तिमिल्सिना, डाइनामिक युथ नेटवर्क, काठमाडौं |
| ६० | | सुकृति श्रेष्ठ, मेडिकोज युथ नेटवर्क, काठमाडौं |
| ६१ | | सुमना सापकोटा, पिस भिजन युथ नेटवर्क, भक्तपुर |

| | | |
|---|---|---|
| ६२ | बागमती (काठमाडौं उपत्यकाभित्र) २ | सुशान्त पराजुली, नेपाल युथ नेटवर्क, काठमाडौं |
| ६३ | | स्वेच्छा कार्की, डाइनामिक युथ नेटवर्क, काठमाडौं |
| ६४ | | स्वर्णिमा कुइँकेल, समूह २१, काठमाडौं |
| ६५ | गण्डकी | वैकुण्ठ प्रसाद अर्याल, समूह ४०, कावासोती, नवलपरासी |
| ६६ | | मिना थापा, समूह ८२, पोखरा, कास्की |
| ६७ | | प्रजिना कँडेल, पुरनचौर युथ नेटवर्क, कास्की |
| ६८ | | प्रियङ्का शर्मा, कृषि क्याम्पस युथ नेटवर्क, लम्जुङ्ग |
| ६९ | | रूची शर्मा, पुरनचौर युथ नेटवर्क, कास्की |
| ७० | | सरिता अर्याल, महिला समूह ४२, गोरखा |
| ७१ | | श्री कृष्ण पौडेल, समूह ४८, बाग्लुङ्ग |
| ७२ | | सुजन चापागाइँ, कृषि क्याम्पस युथ नेटवर्क, लम्जुङ्ग |
| ७३ | | सुपृया काफ्ले, व्यक्तिगत सदस्य |
| ७४ | लुम्बिनी | चन्द्र प्रकाश के.सी., अम्बिकेश्वरी युथ नेटवर्क, दाङ |
| ७५ | | ममता के.सी., अम्बिकेश्वरी युथ नेटवर्क, दाङ |
| ७६ | | प्रमिला चौधरी, व्यक्तिगत सदस्य |
| ७७ | | राधिका पन्थी, समूह ३६, प्युठान |
| ७८ | | ऋजु कट्टेल, लमही युथ नेटवर्क, दाङ |
| ७९ | | सद्दाम हुसेन, समूह ३१, नवलपरासी |
| ८० | | सनम वली, व्यक्तिगत सदस्य |
| ८१ | | सपना रेग्मी समूह १२, रुपन्देही |
| ८२ | | शमा श्रेष्ठ, समूह ३७, रुपन्देही |
| ८३ | | स्वस्तिका चौधरी, अग्रासन युथ नेटवर्क, दाङ |
| ८४ | कर्णाली | बिपना के.सी., काँक्रिबिहार युथ नेटवर्क, सुर्खेत |
| ८५ | | गोमा कुमारी पौडेल, समूह २, सुर्खेत |
| ८६ | | खम्ब जंग शाह, समूह ७७, जाजरकोट |

| | | |
|---|---|---|
| ८७ | कर्णाली | मिशा सेजुवाल, व्यक्तिगत सदस्य |
| ८८ | | सुदर्शन यादव, काँक्रिबिहार युथ नेटवर्क, सुर्खेत |
| ८९ | सुदूर पश्चिम | बिमला भट्ट, समूह २९, कञ्चनपुर |
| ९० | | दीपा चन्द, ऐश्वर्या युथ नेटवर्क, कैलाली |
| ९१ | | दिपलक्ष्मी निरौला, कैलाली युथ नेटवर्क, कैलाली |
| ९२ | | खगेन्द्र प्रसाद तिमिल्सिना, समूह २८, अछाम |
| ९३ | | खिना कुमारी बोगटी, निङ्गलाशैनी युथ नेटवर्क, बैतडी |
| ९४ | | रवेन्द्र विक्रम शाह, व्यक्तिगत सदस्य |
| ९५ | | राहुल पाण्डे, शुक्लाफाँटा युथ नेटवर्क, कञ्चनपुर |
| ९६ | | सञ्जोग पोखेल, कैलाली युथ नेटवर्क, कैलाली |
| ९७ | | सन्तोषी साउद ऐरी, समूह २९, कञ्चनपुर |

**नेसनल बोर्डका पदाधिकारीहरू**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | बिपिन बुढाथोकी | अध्यक्ष |
| २ | केशव पोखरेल | उपाध्यक्ष |
| ३ | शचिता कुँइकेल | महासचिव |
| ४ | होम बहादुर अधिकारी | उपमहासचिव |
| ५ | रोशन बजगाईं | कोषाध्यक्ष |
| ६ | निखिल पोखेल | सदस्य |
| ७ | बिमला वाग्ले | सदस्य |
| ८ | देवेन्द्र कुमार सेजुवाल | सदस्य |
| ९ | मञ्जु विश्वकर्मा | सदस्य |
| १० | गरिमा पाण्डेय | सदस्य |

**पुनरावेदन समितिका पदाधिकारीहरू**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | जीवन प्रसाद फुयाल | संयोजक |
| २ | लोकेन्द्र सिंह | सदस्य |

**नेसनल बोर्डद्वारा आमन्त्रित पर्यवेक्षकहरू**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | चरणकुमार प्रसाईँ | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| २ | राजु सरकार | पूर्व का. अध्यक्ष, एम्नेस्टी नेपाल |
| ३ | ध्रवकुमार कार्की | पूर्व का. अध्यक्ष, एम्नेस्टी नेपाल |
| ४ | हेमकुमार खड्का | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ५ | सूर्य बहादुर अधिकारी | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ६ | राजन प्रसाद कुइँकेल | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ७ | विक्रम ढुकुछु | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ८ | पासाङ्ग शेर्पा | उपाध्यक्ष, अन्तर्राष्ट्रिय नोमिनेसन समिमि |
| ९ | सुमन कुमार | संयोजक, युथ पाओर याक्सन सञ्जाल समिति |
| १० | सुमन बसौला | संयोजक, ग्रोथ एण्ड मोबिलाइजेसन कमिटि |
| ११ | वसन्तप्रसाद सुवेदी | सदस्य, नीति, रणनीति र योजना तर्जुमा सल्लाह समिति |
| १३ | शेषकुमार निरौला | निर्वाचन अधिकृत |
| १४ | डा. युवराज डाँगी | नोमिनेसन कमिटि संयोजक |
| १५ | सुष्मिता भण्डारी | नोमिनेसन कमिटि सदस्य |
| १६ | डा. सुवाष पाण्डे | नोमिनेसन कमिटि सदस्य |
| १७ | रजनीश झा | नेसनल बोर्डद्वारा सिफारिस नोमिनेसन कमिटि पर्यवेक्षक |
| १८ | कविन्द्र नेपाल | प्रेपरेटोरी कमिटी (प्रेपकम) का सदस्य |
| १९ | सुनिल कुमार आचार्य | समूह ५२, बर्दिया |
| २० | टिकाराम धमला | समूह ५८, विर्तामोड |
| २१ | नरेश बराल | समूह ८२, पोखरा |
| २२ | चुडामणी यादव | व्यक्तिगत सदस्य |
| २३ | रविन्द्र रोकाय | व्यक्तिगत सदस्य |
| २४ | सुनिल थापा | काठमाडौं |
| २५ | सिभान्स थापा | काठमाडौं |

नेसनल बोर्डद्वारा आमन्त्रित अतिथिहरू

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | गगनकुमार थापा | प्रतिनिधि सभा सदस्य तथा महामन्त्री, नेपाली काँग्रेस |
| २ | मदन भक्त अधिकारी | नगरप्रमुख, गैंडाकोट नगरपालिका |
| ३ | शान्ति कोइराला | उपप्रमुख, गैंडाकोट नगरपालिका |
| ४ | सुमन अधिकारी | द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष |

राष्ट्रिय सचिवालयका कर्मचारीहरू

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | निराजन थपलिया | निर्देशक |
| २ | अस्मिता सापकोटा | अभियान संयोजक |
| ३ | मरिसा टेलर | मिडिया तथा सञ्चार संयोजक |
| ४ | प्रशान्त त्रिपाठी | आईटी अधिकृत |
| ५ | प्रजु श्रेष्ठ | एड्मिन एण्ड फाइनान्स म्यानेजर |
| ६ | चक्रकुमार प्रधान | सदस्यता इन्चार्ज |
| ७ | सुनिता राई | प्रशासनिक तथा वित्तीय सहायक |
| ८ | जगन्नाथ आचार्य | कार्यालय सहायक |
| ९ | स्वस्तिका आचार्य | इन्टर्न |
| १० | सुप्रभा लामिछाने | इन्टर्न |

स्वयंसेवकहरू

| क्र.सं. | नाम | समूह/युथ नेटवर्क |
|---|---|---|
| १ | निरज चौधरी | रामपुर युथ नेटवर्क |
| २ | सृष्टिका पाण्डे | रामपुर युथ नेटवर्क |
| ३ | विजय विष्ट | अम्बिकेश्वरी युथ नेटवर्क |
| ४ | रुवेश प्रधान | काठमाडौं युथ नेटवर्क |

अनुसूची २

नेसनल बोर्डद्वारा प्रस्तावित र साधारण सभाद्वारा अनुमोदित कार्यक्रम एजेण्डा।

**प्रस्तावित कार्यक्रम (एजेण्डा)**

| २०८१ मङ्सिर २९ (१४ डिसेम्बर २०२४), शनिबार | |
|---|---|
| ०९:०० - १४:०० | सहभागीहरूको आगमन र नाम दर्ता |
| ११:०० - १३:०० | दिवा खाना |
| १४:०० - १५:३० | ३३ औं साधारण सभा उद्घाटन सत्र |
| १५:३० - १५:४५ | चिया/कफि/लाइट स्न्याक्स |
| १५:३० - १६:०० | ह्युमन राइट्स् याक्सन |
| १६:०० देखि बन्द सत्र प्रारम्भ | |
| १६:०० - १६:१५ | • गणपुरक सङ्ख्याको जानकारी<br>• प्रस्तावित कार्यक्रम (एजेण्डा) अनुमोदन<br>• गणक (Tellers) र प्रतिवेदक (Rapporteur) को नियुक्ति अनुमोदन<br>• साधारण सभा कार्यक्रम र यसको सञ्चालन ढाँचा सम्बन्धमा जानकारी |
| १६:१५ - १६:४५ | आ.व. २०८०/२०८१ को वार्षिक कार्यक्रम प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १६:४५ - १७:०० | सन् २०२५ को कार्ययोजना र बजेट प्रस्तुत/छलफल र अनुमोदन |
| १७:०० - १७:१५ | नेसनल बोर्डको आ.व. ०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १७:१५ - १७:४० | आ.व. ०८०/०८१ को आर्थिक र लेखापरीक्षण प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १७:४० - १७:५० | आ.व. २०८१/८२ को लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिसम्बन्धी प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १७:५० - १८:१५ | नेसनल बोर्डको आकष्मिक प्रस्ताव |
| १८:१५ - १८:२० | निर्वाचन अधिकृतद्वारा निर्वाचन प्रकृया र कार्यक्रमका बारे जानकारी |
| १९:०० - | रात्रि भोजन |
| २०८१ मङ्सिर ३० (१५ डिसेम्बर २०२४), आइतबार | |
| ०७:३० - ०८:३० | ब्रेकफास्ट |
| ०९:०० देखि बन्द सत्र प्रारम्भ | |
| ०९:०० - १३:०० | निर्वाचन कार्यक्रम |
| १३:०० - १४:०० | दिवा भोजन |
| १४:०० - १७:०० | मतगणना, निर्वाचन परिणाम घोषणा, प्रमाणपत्र वितरण |
| १७:०० | समापन कार्यक्रम |
| १९:०० | रात्रि भोजन |
| २०८१ पौष १ (१६ डिसेम्बर २०२४), सोमबार | |
| ०७:३० देखि | ब्रेकफास्ट र प्रस्थान |
| ०८:०० - ०९:०० | पत्रकार सम्मेलन |
| ०९:०० - १०:०० | नेसनल बोर्ड बैठक |